


२.३ राज्य र मानव अधिकार

# व्यवस्थापिका

परिच्छेद

२

**परिचय**

सङ्घीय संसदले यस वर्ष गरेका कार्यहरू सम्झन लायक रहेनन्। सन् २०२२ संविधानभामार्फत संविधान निर्माण भएपछि गठन भएको यो संसदको पाँच बर्से कार्यकालको अन्तिम वर्ष थियो। यसै वर्ष सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभाको निर्वाचनले नयाँ जनप्रतिनिधि चयन गर्‍यो। वर्षको अन्त्यसम्म नवनिर्वाचित संसदको अधिवेशन आह्वान मात्र भयो, संसदको कारबाही सुरु भएन। अघिल्लो वर्षदेखि संसदको प्रमुख दल नेकपा (एमाले)द्वारा विभिन्न माग राखी गरिएको संसद अवरोधलगायत प्रधानन्यायाधीशमाथिको महाअभियोग प्रस्ताव, अर्थमन्त्री जनार्दन शर्मामाथिको संसदीय छानबिन, नागरिकता विधेयक, सङ्क्रमणकालीन न्यायसम्बन्धी संशोधन विधेयक, सांसदहरूको न्यून उपस्थिति, विधेयकहरूमाथि न्यून छलफलजस्ता विषय यस वर्ष उल्लेखनीय रहे।

मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने कानुन र नीतिहरू लागु गर्न र सरकारका कामकारबाहीहरूको अनुगमन गर्ने जिम्मेवारी संसदले पूरा गर्न सकेन। आमजनताको सरोकारहरूको प्रतिनिधित्व गर्दै आवश्यक कानुनहरू निर्माण गर्ने र आफ्ना कार्यहरूका लागि सरकारलाई जवाफदेही बनाउनेभन्दा पनि सत्ताको खिचातानी र दल विखण्डनबाट श्रृजित तनावकै बीच संसदको अवधि समाप्त हुन गयो। संसदका समितिहरूले प्रभावकारी उपस्थिति देखाउन सकेनन्।

सरकारको कार्यसम्पादनको बारेमा प्रतिवेदन र अन्य जानकारीहरूको समीक्षा गर्ने र संवैधानिक तथा अन्य महत्त्वपूर्ण पदहरूमा नियुक्त गरिएका व्यक्तिहरूका सम्बन्धमा सुनुवाइ गर्ने कर्तव्य पनि संसदले कुशल ढङ्गले निर्वाह गर्न सकेन। यस वर्ष पनि सभामुखको द्वन्द्वकालीन हिंसात्मक गतिविधि र त्यससम्बन्धमा अदालतमा विचाराधीन मुद्दाको यदाकदा चर्चा भइरह्यो। मानव अधिकारका मुद्दाहरूका बारेमा चेतना जगाउन र मानव अधिकारको प्रवर्द्धन गर्न नागरिक समाजका संस्थाहरू र अन्य सरोकारवालाहरूसँग मिलेर काम गर्न संसदले आफ्नो स्वतन्त्रता प्रयोग गर्न सकेन। खासगरी नेकपाको विभाजनका कारण अघिल्लो वर्ष उदाएको नयाँ शक्ति समीकरणको रस्साकस्सीका कारण मानवअधिकारको संरक्षण र प्रवर्धनलगायत नागरिक अधिकार र स्वतन्त्रताको संरक्षण र सम्मान गर्ने दिशामा संसदको अपेक्षाकृत तदारुकता देखिएन। सत्तापक्ष र प्रतिपक्ष पनि सरकार गिराउने र बनाउने प्रयत्नमा अधिकांश समय आमजनताको मुद्दाबाट विमुख देखिए।

दलहरू आन्तरिक व्यवस्थापनको समस्या र अघिल्लो वर्षको विग्रहको परिमाणमा अल्झिएका कारण सांसदहरूले सदनमा प्रभावकारी ढङ्गले आम सरोकारका मुद्दाहरू उठाउन र प्रश्नहरू सोध्न स्थानीय सरोकारहरू पहिचान गर्न र सम्बोधन गर्न सकेनन्।

निर्वाचन घोषणा भएपछि संसदको कार्यकाल कहिलेसम्म रहने भन्ने विषयमा निकै विवाद भयो । नेपालको संविधानको धारा ८५ तथा धारा १७७ मा प्रतिनिधि सभा र प्रदेश सभाको कार्यकाल पाँच वर्ष हुने व्यवस्था रहेको छ। प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६१ तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६१ मा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ निर्वाचन परिणाम प्रकाशन भएको मितिलाई तथा समानुपातिक निर्वाचन प्रणालीतर्फ राजनीतिक दलको उम्मेदवार निर्वाचित भएको घोषणा भएको मितिलाई सम्बन्धित उम्मेदवार निर्वाचित भएको मानिने व्यवस्था छ। नेपाल सरकारले अर्को निर्वाचन भई नयाँ सदस्यसहितको पहिलो बैठक भएपछि हालका सांसद्को कार्यकाल सकिने गरी प्रतिनिधि सभाका केही ऐन संशोधनमार्फत विधेयक प्रस्तुत गरेका सन्दर्भमा निर्वाचन आयोगले २०७९ भदौ २१ गते असहमतियुक्त औपचारिक प्रतिक्रिया जनाएको थियो।[१]

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६ तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६ मा भएको व्यवस्था बमोजिम आयोगको परामर्शमा नेपाल सरकारले २०७९ मङ्सिर ४ गते निर्वाचन हुने गरी निर्वाचनको मिति घोषणा गरेको र सो बमोजिम आयोगले निर्वाचन कार्यक्रम निर्धारण गरी निर्वाचनको तयारी गरिरहेको अवस्थामा विधेयक ल्याएर सरकारले संसदको कार्यकाल बढाउन खोजे पनि विरोधका बीच सरकारले संसदबाट विधेयक फिर्ता लिएको थियो।[२]

---

१. https://deshsanchar.com/2022/09/17/707364/?fbclid=IwAR3TAjpMoImvnr074I3-lZzvaRnF770V4__-qsTN1Yia_vIh1nkVxP_gAEU
२. ibid

संसद सुचारु भएका दिन शुन्य समयमा जनजीविकाका सवालमा सांसदरूले विभिन्न विषयमा सरकारको ध्यानाकर्षण नगराएका होइनन्। तर वर्ष २०२२ मा ७६ दिनमात्र संसद सुचारु हुन सक्यो। संसदीय समितिका निर्देशन पालनामा सरकारी उदासिनता यस वर्ष पनि देखियो।

२०७२ मा जारी भएको नेपालको संविधान अन्तर्गत निर्वाचित पहिलो प्रतिनिधि सभा अघिल्ला वर्षहरूमा दुईपटक विघटन गरिँदा पनि राजनीतिक र संवैधानिक उतारचढावका बीच आफ्नो पाँच वर्षे कार्यकाल पूरा गऱ्यो। यसलाई नेपालको संसदीय इतिहासको आधार बलियो हुँदै गएको विश्लेषण गरियो।[३]

संसद पटक पटक विघटन हुने विगतबाट पाठ सिक्दै सरकार गठनको विकल्प रहँदासम्म संसद विघटन नहुने व्यवस्था संविधानले गरेको थियो। प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा २०७७ पुस ५ गते र २०७८ जेठ ८ गते गरेको संसद विघटनलाई सर्वोच्च अदालतले बदर गरिदियो। उक्त विघटनलाई बदर गर्दै सर्वोच्चको संवैधानिक इजलासले २०७८ असार २८ गते शेरबहादुर देउवाको नेतृत्वमा सरकार गठन गर्न परमादेश दियो। अदालतले व्यक्ति तोकेर प्रधानमन्त्री बनाउनु भनी गरेको परमादेशले संसदको भूमिकालाई कम आकलन गरेको विश्लेषण भयो।

यो आलेखमा नेपालको संसदले २०७८ पुस १६ देखि २०७९ पुस १५ सम्म भए/ गरेका मुख्य क्रियाकलाप, मानव अधिकार संरक्षण तथा संरक्षणमा निर्वाह गरेको भूमिका, पारित विधेयकहरूको समीक्षा गरिनेछ। आलेख तयारीका क्रममा संसद सचिवालयको वेवसाइट, इन्सेकअनलाइन तथा नेपालका अनलाइन तथा छापामाध्यममा प्रकाशित समाचार तथा लेखहरूलाई सन्दर्भ सामग्रीका रूपमा लिइएको छ। यो आलेखले संसदले गरेका सबै गतिविधि तथा सम्पन्न भएका सबै गतिविधिको विवरणको समीक्षा गरेको छैन। वर्षभर भएका मुख्य गतिविधिको मात्र समीक्षा यो आलेखमा गरिएको छ।

**प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरामाथि महाअभियोग प्रस्ताव**

प्रधानन्यायाधीश चोलेन्द्र शमशेरजबराविरुद्ध २०७८ फागुन १ गते ९८ जना सांसदले महाभियोग प्रस्ताव दर्ता गरेपछि उनी निलम्बनमा परे। महाअभियोग प्रस्ताव दर्ताभएलगत्तै प्रस्ताव उपर छलफल हुनुपर्नेमा २०७९ साउन २५ देखिमात्रै महाअभियोगमा थप छलफल भएर महाअभियोग सिफारिस समितिमा पठाइएको थियो।

नयाँ निर्वाचनको मिति घोषणा गरेको दुई दिनपछि बसेको प्रतिनिधि सभा बैठकले प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराविरुद्धको महाभियोग प्रस्ताव अघि बढायो। यस वर्षको सुरुमै संसदमा दर्ता भएर सभामुख अग्निप्रसाद सापकोटाले त्यसै थन्क्याइदिएको उक्त महाभियोग प्रतिनिधि सभा बैठकले 'महाभियोग समिति' को जिम्मा लगायो। तर यो निष्कर्षमा पुग्ला भन्नेमा स्वयम् दर्ता गर्ने सत्तापक्षका सांसद्हरू पनि आशावादी थिएनन्। संसदबाट प्रस्तावको टुङ्गो नलागेकाले जबराले कुनै कामकाज गर्न पाएनन्। संविधानको धारा १०१ मा रहेको महाअभियोग सम्बन्धी व्यवस्था र धारा १०१ को उपधारा २ मा भनिएको छ, 'यो संविधान र कानूनको गम्भीर उल्लङ्घन गरेको, कार्यक्षमताको अभाव वा खराब आचरण भएको वा इमानदारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालन नगरेको वा आचारसंहिताको गम्भीर उल्लङ्घन गरेको कारणले आफ्नो पदीय जिम्मेवारी पूरा गर्न नसकेको आधारमा प्रतिनिधि सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य सङ्ख्याको एक चौथाइ सदस्यले नेपालको प्रधानन्यायाधीश वा सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषद्का सदस्य, संवैधानिक निकायका प्रमुख वा पदाधिकारीका विरुद्ध महाभियोगको प्रस्ताव पेश गर्न सक्नेछन्।'

महाअभियोग लगाएको २२ दिन पछि महाअभियोग समिति गठन भयो। समितिको अवधि तीन महिना हुने कानुनी प्रवाधान छ। यसैगरी महाभियोग छानबिन समितिले प्रस्ताव प्राप्त भएपछि यथाशीघ्र कारबाही प्रारम्भ गरी संसदमा पेस गर्नुपर्ने नियमावली[४] भए पनि यसलाई पाँच दलीय सत्ता गठबन्धनको स्वार्थमा सभामुखले ६ महिनासम्म सदनमा छलफल गर्न

३. https://inseconline.org/np/wp-content/uploads/2022/11/Election-Related-Daily-Update-Report_2079_08_03-1.pdf

४. https://www.bbc.com/nepali/news-62407086

चाहेनन्। सभामुखको अकर्मण्यता र सरकारको स्वार्थमा महाभियोगलाई संसदमा प्रवेश नै नदिएर सभामुखले बन्धक बनाए। महाभियोगबाट उन्मुक्ति पाउने वा सजाय भोग्ने दुवै अवस्थाबाट प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरालाई विमुख गराइयो भने संसदलाई यस मुद्दाको निरुपण गर्ने अधिकारबाट वञ्चित गराइनु संसदीय इतिहासको कालो धब्बाको रूपमा रह्यो।

प्रतिनिधि सभाको बैठकले ११ सदस्यीय महाअभियोग सिफारिस समिति गठन गर्‍यो। नेपाली कांग्रेसका रामबहादुर विष्ट संयोजक रहेको समितिमा एमालेका विष्णु पौडेल, शिवमाया तुम्बाहाम्फे, कृष्णभक्त पोखरेल र लालबाबु पण्डित, कांग्रेसका मीनबहादुर विश्वकर्मा, माओवादी केन्द्रकी यशोदा सुवेदी गुरुङ र रेखा शर्मा, एकीकृत समाजवादीकी कल्याणी खड्का, जसपाका प्रमोद साह र लोसपाका एकवाल मिया सदस्य रहेका थिए। समितिले निलम्बित राणासँग लामो बयान लियो। उनको १ सय ७४ पृष्ठको बयानमा हस्ताक्षर गरी समितिले सभामुख अग्निप्रसाद सापकोटालाई बुझायो। तर, त्यसपछि संसदको कार्यकाल सकिएकाले संसदमा त्यस विषयमा छलफल हुन पाएन। सिफारिस समितिमा निलम्वित प्रधानन्यायाधीश चोलेन्द्र शमशेरले आरोपित गरेर नाम लिएका बहालवाला न्यायाधीशसहित, पूर्वप्रधान्यायाधीशसहित नेपाल बारका प्रतिनिधि र वकिलहरूलाई पनि बोलाएको थियो। बहालवाला न्यायाधीशले सर्वोच्चको पूर्ण बैठकबाट नै समितिमा उपस्थित हुन नमिल्ने जवाफ दिएका थिए। पूर्वप्रधानन्यायाधीशहरूले लिखित जवाफ पठाउँदै समितिमा उपस्थित नहुने जानकारी गराएका थिए। वकिलहरूले भने उपस्थित भएर आफ्नो स्पष्टिकरणसहित जबरालाई महाभियोग लगाउनैपर्ने कारणहरू प्रस्तुत गरेका थिए।

संसदका महासचिव डा. भरतराज गौतमले जबराविरुद्धको महाअभियोग निष्प्रभावी भएको भन्दै सर्वोच्च अदालतलाई जानकारी दिएको पत्र सार्वजनिक भयो। गौतमको सफाइ पत्रलाई कार्यान्वयन नगराउन माग गर्दै सर्वोच्चमै मङ्सिर २१ गते रिट दायर भएको थियो। जबरामाथि न्यायपालिकाको गरिमामा आँच पुग्नेगरी कार्यपालिकासँग भागबन्डा लिएको, न्यायालयमा भ्रष्टाचार, अनियमितता जस्ता विकृति र बिसङ्गति बढेको र नियन्त्रणको कदम नचालेको लगायत आरोप लगाइएको थियो।

**संसदीय सुनुवाइ**

संसदीय सुनुवाइहरू धेरै देशहरूमा विधायकी प्रक्रियाको एक महत्त्वपूर्ण अङ्ग हो। तिनीहरूले सांसदहरूलाई जानकारी सङ्कलन गर्ने, विशेषज्ञहरू र सरोकारवालाहरूबाट सुन्न र महत्त्वपूर्ण मुद्दाहरू खुला र पारदर्शी रूपमा छलफल गर्ने अवसर प्रदान गर्छन्। संसदीय सुनुवाइले सांसदहरूलाई आफ्ना निर्णयहरू र नीति निर्माणबारे जानकारी गराउन विज्ञहरू, सरोकारवालाहरू र आम जनतालगायत स्रोतहरूको विस्तृत जानकारी सङ्कलन गर्न अनुमति दिन्छ। यसले कानुन र नीतिहरू भरपर्दो र सही जानकारीमा आधारित छन् भनी सुनिश्चित गर्न मद्दत गर्दछ। संसदीय सुनुवाइहरू सामान्यतया जनताका लागि खुला हुन्छन्, जसले विधायकी प्रक्रियामा अझ बढी पारदर्शिता र जवाफदेहिताको अपेक्षा गर्दछ। संसदीय सुनुवाइहरू सूचना सङ्कलन गर्न, पारदर्शिता प्रवर्धन गर्न, सरोकारवालाहरूलाई संलग्न गराउने र विधायिका प्रक्रियामा बहसलाई सहज बनाउनको लागि महत्त्वपूर्ण साधन हो। यस वर्ष संसदीय सुनुवाइ समितिले कुनै बिजनेस पाएन।

**सङ्कल्प प्रस्तावहरू**

खिमलाल देवकोटा प्रस्तावक र मिनेन्द्र रिजाल, जितेन्द्रनारायण देव, गोपीबहादुर आछामी, प्रमिला कुमारी नन्दा चपाईं र देवेन्द्र दाहाल प्रस्तावक रहेको सङ्घीयता कार्यान्वयनसम्बन्धी सङ्कल्प प्रस्ताव २०७९ जेठ १९ गते राष्ट्रिय सभा र प्रतिनिधि सभामा सोही दिन दर्ता भयो। प्रस्तावमा सङ्घीयता कार्यान्वयनका लागि आवश्यक कानुन नीति तयार पार्न र यसको जग बलियो बनाउनेतर्फ पहलकदमी लिन माग गरिएको थियो। सङ्कल्प प्रस्ताव सोही दिन सर्वसम्मत पारित भएको थियो।

**नागरिकता विधेयक**

२०७९ साउन ६ गते नागरिकतासम्बन्धी विधेयक प्रतिनिधि सभाबाट पारित भयो। नागरिकता विधेयकको पक्षमा नेपाली काङ्ग्रेस, नेकपा माओवादी केन्द्र, एकीकृत समाजवादी, जनता समाजवादी पार्टी थिए। नेकपा एमाले, राष्ट्रिय जनमोर्चा, नेपाल मजदुर किसान पार्टी भने नेपाली नागरिक पुरुषसँग विवाह गर्ने विदेशी महिलालाई तत्काल नागरिकता दिन नहुने भन्दै विधेयकको विपक्षमा रहे। नागरिकता विधेयकमाथि

प्रतिनिधि सभामा भएको छलफलमा ४५ जना सांसद सहभागी भएका थिए।

गठबन्धन सरकारले प्रतिष्ठाको विषय बनाएको नागरिकता ऐन २०६३ लाई संशोधन गर्न बनेको विधेयक निष्कर्षमा नपुग्दै प्रतिनिधि सभाको कार्यकाल सकियो। प्रमाणिकरणका लागि दोस्रोपटक राष्ट्रपति विद्यादेवी भण्डारी समक्ष पेश भए पनि उनलाई प्राप्त समय सीमाभित्र निर्णयाधीन राखेकै अवस्थामा संसदको म्याद सकिँदा त्यसले कानुनको हैसियत प्राप्त गर्न सकेन। भदौ २० गते प्रमाणिकरणका लागि राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष पुगेको विधेयक असोज ४ गतेसम्म प्रमाणित गर्नुपथ्र्यो। नागरिकता संशोधन विधेयकमा सरकारले संविधानमै भएको जन्मसिद्धका सन्तानलाई वंशजको नागरिकता दिने र सार्क देशबाहेक अन्यत्र बसेका नेपालीहरूलाई गैरआवासीय नागरिकता प्रदान गर्ने व्यवस्था गरेको थियो। राष्ट्रपति विद्यादेवी भण्डारीद्वारा १५ बुँदे सन्देशसहित नागरिकता विधेयक प्रतिनिधि सभामै फिर्ता पठाइएको थियो। राष्ट्रपतिले नागरिकता विधेयक अपूरो रहेको र संविधानसँग बाझिएको भन्दै पुनर्विचार गर्न संसदमा पठाएकोमा सरकारले भोलिपल्टै जस्ताको तस्तै प्रमाणिकरणका लागि राष्ट्रपतिको कार्यालयमा पठायो।[५]

राष्ट्रपतिको सचिवालयले 'राष्ट्रपतिको चासो संसदले सम्बोधन नगरेका कारण' विधेयक प्रमाणीकरण नभएको जनायो। राष्ट्रपतिले दिएको सन्देशमा मूलत: अङ्गीकृत नागरिकता दिँदा पूरा गर्नुपर्ने प्रावधानबारे अनि नागरिकतामा लैङ्गिक समानताका विषय थिए।[६]

**बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य, न्याय तथा मेलमिलाप आयोग ऐन २०७१ संशोधन विधेयक**

संसदको उत्तरार्धतिर सरकारले माओवादी कालमा भएका जस्ता सुकै घटनाका दोषीलाई आममाफी दिन सकिने प्रावधान रहेको संशोधन विधेयक पारित हुन सकेन। बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य, न्याय तथा मेलमिलाप आयोग ऐन २०७१ लाई संशोधन गर्न सरकारले ल्याएको विधेयकमा 'हत्या'मा आममाफी दिने गरी प्रावधान राख्न खोजे पनि प्रतिपक्षी दल नेकपा एमालेका कारण विधेयक पारित हुन सकेन। सङ्क्रमणकालीन न्यायसम्बन्धी संशोधित विधेयकमा केही राम्रा पक्ष पनि समेटिएका थिए। विधेयकले परिपूरणको अधिकारलाई कानुनी मान्यता दिएको थियो। पीडक पहिचान भए पनि/नभए पनि राहत पाउने र यातना पीडितलाई राहत र बेपत्ता पारिएका व्यक्तिको परिवारलाई सम्पत्ति हस्तान्तरण गर्ने कुरा पनि विधेयकमा समेटिएका थियो।

ऐन संशोधन गर्दा केही बुँदाहरू सकारात्मक भए पनि मूलरूपमा पीडकलाई विभिन्न बहानामा उन्मुक्ति दिने गरी संशोधन विधेयक आएको भन्दै पीडित समुदायबाट विरोध भएको थियो। मानव अधिकार उल्लङ्घनलाई वर्गीकरण गर्दै 'हत्या'लाई गम्भीर मानव अधिकार उल्लङ्घनबाट हटाएर अन्य मानव अधिकार उल्लङ्घनमा राखिएको थियो। हत्या, यातना, बलात्कार र अन्य प्रकारका गम्भीर यौन हिंसा, युद्ध अपराध र मानवता विरुद्धको अपराध लगायतका मानव अधिकारका 'गम्भीर उल्लङ्घन' र अन्तर्राष्ट्रिय अपराधमा संलग्न व्यक्तिलाई आम माफी दिने प्रावधान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन बमोजिम स्वीकार्य हुन सक्ने विषय थिएन।

'मानव अधिकारको गम्भीर उल्लङ्घन र मनसायगत अपराधमा संलग्न व्यक्तिहरूलाई प्रत्यक्ष वा परोक्ष रूपमा फौजदारी जबाफदेहिताबाट उन्मुक्ति दिन खोजिनु पीडित, राष्ट्रिय, अन्तर्राष्ट्रिय कानुन, नेपालको सर्वोच्च अदालतको फैसला विपरीत थियो। प्रस्तावित विधेयकले पीडितलाई नियमित न्याय प्रक्रियाको ढोका बन्द गरेको र सङ्क्रमणकालीन न्याय प्रक्रियाबाट पनि न्याय मिल्ने कुराको सुनिश्चितता नभएको मानव अधिकारकर्मीहरूको ठहर थियो।'

हत्या, यातना, बलात्कार र अन्य प्रकारका गम्भीर यौन हिंसा, युद्ध अपराध र मानवता विरुद्धको अपराधलगायतका मानव अधिकारका गम्भीर उल्लङ्घन र अन्तर्राष्ट्रिय अपराधमा संलग्न व्यक्तिलाई आममाफी दिने कुरा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन बमोजिम स्वीकार्य नहुनु स्वभाविकै थियो। विधेयकमा उल्लेख गरिएका उल्लङ्घनका रूपहरूका सम्बन्धमा निकै टिकाटिप्पणी भएको थियो।

प्रस्तावित विधेयकमा आयोगले सिफारिस गरेका मुद्दाको सुनुवाइ गर्न विशेष अदालत गठन गर्ने कुरा उल्लेख थियो। त्यस्तै, यस्तो अदालतको निर्णय अन्तिम हुने भनी विशेष अदालतको निर्णय उपर पुनरावेदन गर्न नमिल्ने व्यवस्था न्यायको सिद्धान्तसँग

५. www.onlinekhabar.com
६. https://www.bbc.com/nepali/news-62970431

मेल नखाने प्रकृतिको थियो। विधेयकको दफा ५ मा गम्भीर मानव अधिकार उल्लङ्घन पनि चार प्रकारको अपराधलाई सूचीकृत गरिएको थियो। जसमा क्रूर यातना दिई निर्ममतापूर्वक ज्यान मारेको, जबर्जस्ती करणी, जबर्जस्ती व्यक्ति बेपत्ता पार्ने कार्य र अमानवीय वा क्रूरतापूर्वक दिएको यातना भनी राखिएको थियो। यसरी गम्भीर र मानव अधिकार उल्लङ्घन भनेर छुट्याइनु अनुचित थिएन।

**अध्यादेशको शासन**

वर्ष २०२२ मा सरकारद्वारा अस्वभाविक परिमाणमा अध्यादेश जारी गरिएका कारण प्रतिनिधि सभा कानुन निर्माणको दायित्व निर्वाह गर्नबाट पूर्ण रुपमा विमुख हुन गएको विषय पनि उल्लेखनीय छ। पाँच वर्षको अवधिमा संसदबाट कानुन बनाएर 'विधिको शासन' बलियो बनाउनुभन्दा पनि संसद छलेर अध्यादेशमार्फत शासन गर्न सरकारले ध्यान दियो। २०७४ फागुन २० गते संसद गठन भएयता सरकारले ४९ ओटा अध्यादेश जारी गर्‍यो। तीमध्ये केही अध्यादेशलाई पाँचपटकसम्म जारी गर्ने लोकतान्त्रिक विपरीत अभ्यास भएको देखियो। कार्यकालभर सरकारले १ सय २ कानुन निर्माण गर्‍यो। एक तिहाइ समय विघटन र अवरोधमा गुजारेको संसद अधिवेशनले मात्रै ३४ ओटा विधेयक पारित गर्‍यो। सचिवालयमा दर्ता भएका २७ ओटा विधेयक निष्क्रिय भए। अघिल्लो सरकारले संसद छलेर अध्यादेश ल्याएको भन्दै विरोध गर्ने दलको नेतृत्वमा बनेको प्रधानमन्त्री शेरबहादुर देउवाको सरकार संसदबाट ल्याउनुपर्ने ऐन कानुन अध्यादेशबाटै ल्याउने बाटोमा अग्रसर देखियो।[७]

संसद नभएको र अत्यावश्यक परेमा मात्रै अध्यादेशबाट ऐन बनाउन सकिने सुविधा संविधानले दिएको छ, तर संसद विघटन तथा अधिवेशन अन्त्य गरेर योजनाबद्ध रूपमा अध्यादेश ल्याउने प्रवृत्ति यो बढ्यो।[८]

सरकारले ०७८ चैत १७ गते राष्ट्रपतिसमक्ष एकैदिन पाँच ओटा अध्यादेश सिफारिस गर्‍यो। ०७९ वैशाख ३० गते निर्वाचनको तयारीमा रहनुपर्ने सरकार निर्वाचनलाई लक्षित गरी मतदाता प्रभावित पार्न अध्यादेश ल्याएको सरकारलाई आरोप लाग्यो। ०७९ वैशाख १८ गते पनि सरकारले दुई ओटा अध्यादेश राष्ट्रपतिसमक्ष पेश गर्ने निर्णय गरेको थियो। केही नेपाल कानुनलाई संशोधन गर्न बनेको विधेयक संसदबाट पारित नभएपछि सरकारले कात्तिक ७ गते अध्यादेशमार्फत संशोधन गर्ने निर्णय गर्‍यो। त्यसैगरी निर्वाचन सकिएर नयाँ संसद निर्माण भइसकेको अवस्थामा पनि सरकारले अध्यादेश ल्याउने प्रयत्न जारी राख्यो। मङ्सिर ४ गते प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन सकिएपछि मङ्सिर २५ गते सरकारले मुलुकी फौजदारी कार्यविधि संहिता (पहिलो संशोधन) अध्यादेश राष्ट्रपतिसमक्ष सिफारिस गरे पनि सो अध्यादेश जारी भएन। सत्ता नछोड्ने मनसायबाट प्रेरित भएर अध्यादेश ल्याइएको भनी चौतर्फी आलोचना भएको थियो। संशोधन अध्यादेशप्रति इन्सेकले प्रेस विज्ञप्तिमार्फत गम्भीर आपत्ति प्रकट गर्‍यो।[९]

केपी शर्मा ओली नेतृत्वको सरकारले ०७९ जेठ ९ गते ल्याएको नागरिकतासम्बन्धी अध्यादेश सर्वोच्च अदालतले रोक लगाएको थियो। सर्वोच्चको आदेशमा भनिएको छ- 'कानुन निर्माण गर्ने अधिकार विधायिकामा निहित रहेको छ। राज्यको शासन व्यवस्था सञ्चालनको क्रममा यदाकदा विधायिकाको अधिवेशन चालू नरहेको अवस्थामा तत्काल केही गर्न आवश्यक परेमा सीमित अवधिसम्म प्रभावी रहने गरी अध्यादेश जारी गर्ने अधिकार कार्यपालिकालाई संविधानले प्रदान गरेको छ। तर, यसरी सीमाहिन ढङ्गले अध्यादेश जारी गरिनु लोकतान्त्रिक अभ्यास प्रतिकूल मानिन्छ। संविधानद्वारा निर्धारित सीमा बन्देज नाघेर अध्यादेश जारी गर्न मिल्दैन। शासकीय सुविधा वा अमुक राजनीतिक उद्देश्य प्राप्तिका लागि विधायिकालाई छलेर अध्यादेश जारी गर्दा त्यसबाट विधायिकाको अधिकार र प्रभावकारितामा अनुचित हस्तक्षेप गरेको अवस्था पैदा हुन सक्दछ।'[१०]

**सभामुखको रुलिङ**

तालाबन्दी र आन्दोलनका कारण त्रिभुवन विश्वविद्यालय अस्तव्यस्त बनेको विषयमा संसद बैठकमा प्रश्न उठेपछि सभामुख अग्नि सापकोटाले समस्या समाधान गर्न सरकारलाई २०७९ भदौ १३ गते रुलिङ गरे। बैठकमा प्रमुख प्रतिपक्ष दल नेकपा

७. https://www.onlinekhabar.com/2021/08/999781
८. https://www.nayapatrikadaily.com/news-details/102576/2022-12-14
९. shorturl.at/hmPU0
१०. https://www.onlinekhabar.com/2021/06/967745

एमालेका सांसद प्रदीप ज्ञवालीले त्रिविमा बेथिति र गुण्डागर्दी बढेको भन्दै सदनको ध्यानाकर्षण गराएका थिए। त्यसपछि सदनको गम्भीर ध्यानाकर्षण भएको भन्दै सभामुख सापकोटाले समस्या शीघ्र समाधान गर्न सरकारलाई निर्देशन दिए। 'त्रिभुवन विश्वविद्यालयमा भएको तालाबन्दी लगायतका विरोध कार्यक्रमहरूले विश्वविद्यालयका शैक्षिक एवं पठनपाठन कार्य प्रभावित हुन गएको भन्ने विषयमा माननीय सदस्यले कुरा उठाउनु भएको छ। सभाको गम्भीर ध्यानाकर्षण भएको छ। तसर्थ यो समस्या शीघ्र समाधान गर्न नेपाल सरकारलाई निर्देश गर्दछु', सापकोटाको रुलिङ थियो।[११]

**पारित हुन नसकेका विधेयकहरू**

संविधान संशोधनका लागि प्रतिनिधि सभामा दर्ता भएका चारवटा गैरसरकारी विधेयक दुई वर्षदेखि अलपत्र रहे। १९, २० र २३ जेठ ०७७ दर्ता भएको चारवटा नेपालको संविधान (दोस्रो संशोधन) विधेयक प्रतिनिधि सभामा टेबुल हुन सकेन। गैरसरकारीअन्तर्गतको गाँजा खेती (व्यवस्थापन) विधेयक पनि छलफलमा आउन सकेन। संसद सचिवालयका अनुसार ६ वटा विधेयक चार वर्षदेखि संसदीय समितिमा विचाराधीन रहे यो वर्ष सरकारले स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी (पहिलो संशोधन), औषधि (तेस्रो संशोधन) र नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक फिर्ता लियो।[१२]

सङ्घीय संसदमा नागरिकका प्रत्यक्ष सरोकार जोडिएका महत्त्वपूर्ण ५८ ओटा विधेयक पारित भएनन्। संसदको यही कार्यकालमा टुङ्गो नलागेपछि यी विधेयकमाथि संसदले गरेको मिहिनेत र लगानी खेर गयो।[१३] संसदमा गणपूरक सङ्ख्या भनेको ५१ प्रतिशत होइन, एक चौथाइ मात्र हो। २ सय ७५ सांसद भएको सभामा ६९ सांसद पनि उपस्थित नभएकाले कतिपय बेला बैठक नै स्थगित गर्नुपर्‍यो। सङ्घीय संसद सचिवालयबाट प्राप्त विवरणअनुसार यो प्रतिनिधि सभाको पाँच वर्षमा २ सय ९६ दिन बैठक बसेकामा प्रमुख दलका प्रमुख नेताहरू भने एकतिहाइ बैठकमा पनि उपस्थित भएनन्। ०७४ फागुन २१ देखि ०७९ जेठ मसान्तसम्मको उपस्थितिको अभिलेखअनुसार ५० प्रतिशत पनि उपस्थित नहुने सांसद सङ्ख्या २७ जना थियो।[१४]

**तथ्याङ्क सङ्कलन गर्न लिनुपर्ने प्रस्ताव अस्वीकृत**

अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले नेपालमा तथ्याङ्क सङ्कलन गर्ने अनुमति लिनुपर्ने नेकपा एमालेको प्रस्ताव प्रतिनिधि सभामा अस्वीकृत भयो। राष्ट्रिय सभाबाट पारितको तथ्याङ्कसम्बन्धी विधेयकमाथि प्रतिनिधि सभामा एमालेका सांसदहरू विद्या भट्टराई, बिन्दा पाण्डे, विनाकुमारी श्रेष्ठ र तुलसी थापाले अन्तर्राष्ट्रिय गैरसरकारी संस्था (आईएनजीओ) तथा दातृ निकायहरूले पनि नेपालको तथ्याङ्क सङ्कलन गर्दा सरकारको अनुमति लिनुपर्ने संशोधन प्रस्ताव पेश गरेका थिए। एमाले सांसदहरूको प्रस्ताव निर्णयार्थ पेश हुँदा प्रतिनिधि सभाको बहुमतले अस्वीकृत गर्‍यो।[१५]

**महिला सहभागिता सम्बन्धमा सार्वजनिक महत्त्वको प्रस्ताव**

प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनमा प्रत्यक्षमा ५० प्रतिशत महिला उम्मेदवार हुनुपर्ने प्रस्ताव संसदमा दर्ता भयो। नेपाल कम्युनिस्ट पार्टी (एमाले) का सांसद बिन्दा पाण्डेले संसदमा दर्ता गराएको निर्वाचनमा महिलाको प्रतिनिधित्वबारे जरुरी सार्वजनिक महत्त्वको विषयमाथि छलफल गर्दै महिला सांसदहरूले प्रत्यक्षतर्फ टिकट वितरण गर्दा सिट सङ्ख्याको आधारमा महिलालाई उम्मेदवार बनाइनुपर्नेमा जोड दिइन्।

गत प्रतिनिधि सभामा प्रत्यक्षतर्फ महिलाहरूलाई टिकटमा विभेद गरेको निष्कर्ष निकाल्दै महिला सांसदहरूले आगामी निर्वाचनमा हरेक पार्टीले टिकट वितरणमा महिलाहरूको सहभागिता बढाउन माग गरेका थिए। निर्वाचन आयोगले केही कानुन संशोधन गरिरहेको अवस्थामा महिला सांसदहरूले सो कानुनमा नै प्रत्यक्षतर्फको टिकट वितरणमा ५० प्रतिशत स्थान महिलाका लागि सुनिश्चित गराउन दबाब दिँदै संसदमा जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव दर्ता गराइएको प्रस्तावकर्ताले जनाए।

प्रतिनिधि सभाका सांसद अमृता थापा मगर प्रस्तावक रहेको यो प्रस्तावमा लक्ष्मी परियार, लक्ष्मी

११. https://www.nepalpress.com/2022/08/29/228599/
१२. ibid
१३. ibid
१४. www.inseconline.org
१५. shorturl.at/eIJN4

कुमारी चौधरी, चन्दा चौधरी, रंगमती शाही, बिना बुढाथोकी, लीलादेवी सिटौला, दुर्गा पौडेल, रेखा शर्मा, यशोदा गुरूङ सुवेदी, रेनुका गुरूङ र प्रमिला राई समर्थक रहेका थिए।

**संसदीय समिति**

प्रतिनिधि सभा अन्तर्गतको विकास तथा प्रविधि समितिले २०७९ साउन २३ गते नारायणघाट-मुग्लिन र मुग्लिन-पोखरा सडकको वर्तमान कार्यप्रगति, सार्वजनिक यातायातका सवारी साधनले यात्रुसँग मनलाग्दी भाडा लिने गरेको, सडक सीमा अतिक्रमण गरी सडक सीमाभित्र बनाएका घरटहरा तत्काल हटाउन पनि सरकारलाई निर्देशन दियो। यसैगरी, मुख्य सडकहरूमा बाढीपहिरोको कारण बन्द रहेका सडकमा तत्काल पहिरो हटाउन पनि निर्देशन दियो।

**अर्थमन्त्री शर्मामाथि छानबिन गर्न 'संसदीय छानबिन विशेष समिति' गठन**

अर्थमन्त्री जनार्दन शर्माले बजेट निर्माणका क्रममा अनाधिकृत व्यक्ति प्रवेश गरी करका दर हेरफेर गरेको विषयमा संसदले ११ सदस्यीय संसदीय छानबिन विशेष समिति गठन गर्‍यो। प्रतिनिधि सभाको बैठकमा सभामुख अग्निप्रसाद सापकोटाले छानबिनका लागि ११ सदस्यीय छानबिन समिति गठन गरेको सदनमा जानकारी गराए। ११ सदस्यीय छानबिन समितिमा खगराज अधिकारी, देवप्रसाद गुरुङ, पुष्पा भुसाल गौतम, प्रदीपकुमार ज्ञवाली, भानुभक्त ढकाल, विमला वि.क., लक्ष्मणलाल कर्ण, शक्तिबहादुर बस्नेत, सरलाकुमारी यादव, सिताराम महतो र सुरेन्द्रप्रसाद यादव रहेका थिए।[१६]

विभिन्न पक्षसँग छलफल गरेर समितिले तयार पारेको प्रतिवेदन सभामुख अग्निप्रसाद सापकोटालाई बुझायो। प्रतिवेदनमा प्रमुख प्रतिपक्षी एमालेले समितिको निष्कर्षमा फरक मत राख्यो। प्रमुख प्रतिपक्षी नेकपा एमालेका सांसदहरूले समितिलाई प्राप्त प्रमाण र बयानका आधारमा शर्मालाई निर्दोष भन्न नमिल्ने अडान राख्यो भने सत्ता पक्षका सांसद प्राप्त प्रमाण र बयानले शर्माविरूद्धको आरोप प्रमाणित नगर्ने भएकाले उनी निर्दोष रहेको बताए। संसदीय छानबिन समिति गठन भएपछि अर्थमन्त्री जनार्दन शर्माले २०७९ असार २२ गते पदबाट राजीनामा दिएका थिए। समितिले पूर्वअर्थमन्त्री शर्मा, अर्थ मन्त्रालयका सचिव, बजेट निर्माणमा संलग्न उच्चपदस्थ कर्मचारीसँग बयान लिएको थियो। समितिलाई १० दिनभित्र प्रतिवेदन दिन भनिएको थियो। तोकिएको समितिले काम नसकेपछि प्रतिनिधि सभाले सात दिन समय थप गरेको थियो। संसदीय समितिमा बहुमतले पारित प्रतिवेदनमा शर्मामाथि लागेको आरोप प्रमाणित नभएपछि उनी राजीनामा दिएको २५ दिनपछि पुनः अर्थमन्त्रीमा बहाल भए।

**संसदमा शून्य समय तथा सार्वजनिक सरोकारका विषय**

प्रतिनिधि सभा बैठकको शून्य तथा विशेष समयमा सांसदहरूले विभिन्न समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराए। काठमाडौंमा थुप्रिएको फोहोरदेखि त्रिभुवन विश्वविद्यालयमा लागेको ताला अनि किसानले भोग्नुपरेको मल अभावसम्मका विषय सांसदहरूले उठाए।

संसदीय प्रणालीमा, "शून्य समय" शब्दले संसदीय सत्रको समयमा एक समयलाई जनाउँछ। यस समयमा सांसदहरूले तत्काल ध्यान दिनुपर्ने जरुरी विषयहरू उठाउन सक्छन्। शून्य समयमा, सांसदहरूले प्राकृतिक प्रकोप, दुर्घटना वा अन्य आपतकालिन जस्ता राष्ट्रिय वा स्थानीय महत्त्वका मुद्दाहरू उठाउन सक्छन् र सरकारलाई कारबाही गर्न वा जानकारी उपलब्ध गराउन अनुरोध गर्न सक्छन्। सरकारले शून्य समयमा उठेका विषयको जवाफ सरकारी मन्त्रीको भनाइ वा छलफलबाट दिने अपेक्षा गरिएको हुन्छ।

तत्काल ध्यान दिनुपर्ने अत्यावश्यक विषयहरूलाई सम्बोधन गर्न संसदीय प्रणालीमा शून्य समय एउटा महत्त्वपूर्ण संयन्त्र हो। यसले संसदका सदस्यहरूलाई प्राकृतिक प्रकोप, दुर्घटना, वा अन्य आपतकालीन जस्ता राष्ट्रिय वा स्थानीय महत्त्वका मुद्दाहरू उठाउन र सरकारलाई कारबाही गर्न वा जानकारी उपलब्ध गराउन अनुरोध गर्न अनुमति दिन्छ। संसदीय प्रणालीमा शून्य समयले धेरै महत्त्वपूर्ण कार्यहरू गर्दछ। शून्य समयमा सांसदहरूलाई अत्यावश्यक कुराहरू उठाउने अवसर प्रदान गर्ने: शून्य समयले सांसदहरूलाई सामान्य संसदीय प्रक्रियाबाट सम्बोधन गर्न नसकिने विषयहरू उठाउने र सरकार र संसदको ध्यानाकर्षण गराउन जरुरी मुद्दाहरू उठाउने मौका दिन्छ।

---

१६. https://www.onlinekhabar.com/2022/07/1153574

मन्त्रालयगत बजेट शीर्षक माथिको छलफलमा समेत सांसदहरू महिला हिंसाका विषय, सडक दुर्घटना, कृषकले बीउविजन र मल नपाएको समस्या उठाए। काठमाडौं उपत्यकाको फोहोर व्यवस्थापन मात्रै होइन ग्रामीण भेगमा उत्पादित तरकारी व्यवस्थापनको विषय संसदमा उठ्यो। यसैगरी, मूल्यवृद्धिको विषय, कालोबजारी नियन्त्रण, बन्द उद्योग पुन सञ्चालन गर्न र नयाँ उद्योग खोल्न सांसदले सरकारको ध्यानाकर्षण गराए।

**बलात्कारसम्बन्धी मुद्दामा हदम्याद हटाउन प्रतिनिधि सभामा सङ्कल्प प्रस्ताव**

बलात्कारसम्बन्धी मुद्दामा हदम्याद हटाउन प्रतिनिधि सभामा नेपाली कांग्रेसका सांसदहरू डा.डिला संग्रौला पन्त, प्रमिला राई, सुजाता परियार र रंगमती शाहीले हदम्याद हटाउन सङ्कल्प प्रस्ताव दर्ता गराए। संकल्प प्रस्तावमा पीडितले हदम्यादका कारण कानुनी प्रक्रियामा जान नसकेकाले यसलाई संशोधन गरिनुपर्ने माग गरिएको थियो[१७]। 'यदि कुनै पनि पीडितले हदम्यादका कारण कानुनी प्रक्रियामा जान नसकेको खण्डमा संविधानले व्यवस्था गरेका मौलिक हक नै औचित्यहीन हुन पुग्छ,' सङ्कल्प प्रस्तावमा भनिएको छ, 'त्यसैले आमनागरिकको चासो र चिन्तालाई सम्बोधन गर्न, सरकारलाई आवश्यक दिशानिर्देश गर्न र समयमै कानून संशोधन गरी बलात्कारजस्ता जघन्य अपराधका पीडितलाई न्यायको मार्ग प्रशस्त गर्नका लागि सङ्कल्प प्रस्तुत गर्दछौं।'

सङ्कल्प प्रस्तावमा दुई ओटा मुख्य माग थिए।

क. बालयौन दुर्व्यवहारको कसुरमा सजायको लागि उजुरी दिने हदम्याद सम्बन्धी व्यवस्था पुर्णत हटाउने।

ख. बालबालिका बाहेक अन्यको हकमा समेत बलात्कार जस्तो जघन्य अपराधमा उजुरी दिने हदम्यादसम्बन्धी व्यवस्थाको पुनरावलोकन र पुनर्विचार गर्न आवश्यक संशोधन गर्ने।

सङ्कल्प प्रस्ताव अनुसार यौनजन्य हिंसा तथा बलात्कारका घटनामा उजुरीको हदम्याद बढाउने विधेयक प्रतिनिधि सभाबाट पारित भयो।[१८] संशोधनअनुसार नाबालिग अवस्थामा भएका बलात्कार घटनामा उजुरी गर्ने हदम्याद अब तीन वर्ष कायम हुनेछ। यसअघि मुलुकी अपराधसंहिता, २०७४ को दफा २२९ मा यससम्बन्धी घटनामा हदम्याद एक वर्ष मात्र थियो। घटनाको एक वर्षभित्र उजुरी दिइसक्नुपर्ने व्यवस्था रहेकामा अरू दुई वर्ष बढाइएको हो। प्रतिनिधि सभाले पारित गरेको विधेयकअनुसार नाबालिकाको उमेर १८ वर्ष पूरा भएको मितिले तीन वर्षभित्र उजुरी दिन सकिनेछ। त्यस्तै, बलात्कार घटनामा पूर्ण अशक्त, अपाङ्गता भएका, सुस्त मनस्थिति भएका र ७० वर्षभन्दा माथिका पीडितले पनि तीन वर्षभित्र उजुरी दिन सक्नेछन्। बालिग उमेरको हकमा पनि उजुरीको हदम्याद बढेको छ। १८ वर्षदेखि ७० वर्ष उमेरका पीडितले बलात्कारको घटनामा एक वर्षभित्र उजुरी दिइसक्नुपर्ने व्यवस्था थियो।

नाबालिग अवस्थामा भएका बलात्कार घटनामा उजुरी गर्ने हदम्याद अब तीन वर्ष कायम हुनेछ। यसअघि मुलुकी अपराधसंहिता, २०७४ को दफा २२९ मा यससम्बन्धी घटनामा हदम्याद एक वर्ष मात्र थियो। घटनाको एक वर्षभित्र उजुरी दिइसक्नुपर्ने व्यवस्था रहेकामा अब थप दुई वर्ष बढाइएको हो। प्रतिनिधि सभाले पारित गरेको विधेयकअनुसार नाबालिकाको उमेर १८ वर्ष पूरा भएको मितिले तीन वर्षभित्र उजुरी दिन सकिनेछ। त्यस्तै, बलात्कार घटनामा पूर्ण अशक्त, अपाङ्गता भएका, सुस्त मनस्थिति भएका र ७० वर्षभन्दा माथिका पीडितले पनि तीन वर्षभित्र उजुरी दिन सक्नेछन्।[१९]

**जरुरी सार्वजनिक महत्वको प्रस्तावमाथि छलफल**

यस वर्ष प्रतिनिधि सभाको बैठकमा जनजीविकासँग जोडिएका खाद्यान्न, पेट्रोलियम पदार्थ लगायतका उपभोग्य वस्तुहरूको मूल्यवृद्धि र समायोजन सम्बन्धी जरुरी सार्वजनिक महत्त्वको प्रस्तावमाथि छलफल भयो। ती प्रस्तावहरूमाथिको छलफलमा भाग लिँदै सांसदहरूले कृत्रिम मूल्यवृद्धि रोक्न बजार अनुगमन गर्नुपर्ने, स्वदेशमा नै उत्पादन बढाउनुपर्ने, मलको अभावमा उत्पादन घट्दै गरेकाले समयमै मल ल्याउनुपर्नेमा जोड दिए। सांसदहरूले मूल्यवृद्धिलाई हल्का रूपमा लिन नहुने, पेट्रोलियम ऐन ल्याउनुपर्ने, नेपाललाई पेट्रोल, डिजेल र ग्याँस मुक्त देश बनाउन

१७. https://hr.parliament.gov.np/np/#
१८. https://www.bbc.com/nepali/news-61523391
१९. https://www.bbc.com/nepali/news-61523391

काम सुरु गर्नुपर्ने माग राखे। छलफलमा भाग लिँदै प्रस्तावका प्रस्तावक नेकपा एमालेका सचेतक विशाल भट्टराईले अर्थतन्त्रका प्रमुख परिसूचकहरूप्रति सरकारले यथेष्ट ध्यान पुऱ्याउन नसक्दा जनताको जनजीविकासँग जोडिएका खाद्यान्न लगायत अन्य उपभोग्य वस्तुहरूको व्यापक मूल्य वृद्धि भएको बताए। नेकपा एमाले सांसद यज्ञराज सुनुवार र गणेश पहाडीले प्रस्तावको समर्थन गर्दै मूल्यवृद्धिको सीमावलोकन गर्न संसदीय छानबिन समिति बनाउनुपर्ने, मूल्यवृद्धिका कारण निम्न वर्ग र कमजोर आयस्रोत भएका मानिसहरूलाई जीवन जिउन गाह्रो पारेकाले मूल्य वृद्धि फिर्ता गर्नका लागि जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव ल्याइएको बताए।

**निष्कर्ष**

संसदका दुवै सदन यो वर्ष अपेक्षाकृत रूपमा प्रभावकारी हुन सकेनन् भने नवनिर्वाचित प्रतिनिधि सभामा पनि प्रारम्भमै अनपेक्षित अभ्यास देखा पऱ्यो। मङ्सिर ४ गते भएको संसदमा फौजदारी अभियोग लागेका दुई सांसद निर्वाचित भएका थिए। उनीहरूलाई संसद सचिवालयले शपथ ग्रहण गरायो। मनाङ जिल्लाबाट संसदमा निर्वाचित नेपाली कांग्रेसका टेकबहादुर गुरुङविरुद्ध विशेष अदालतमा भ्रष्टाचारको मुद्दा विचाराधीन छ भने महोत्तरी निर्वाचन क्षेत्र नं. १ बाट निर्वाचित नेकपा एमाले सांसद लक्ष्मी महतो कोइरीमाथि मधेश आन्दोलनका क्रममा सशस्त्रका असई थमन विक हत्याको आरोप छ। उनी प्रहरी प्रशासनको अभिलेखमा 'फरार अभियुक्त' हुन्। महोत्तरी प्रतिनिधि सभा क्षेत्र नं. १ बाट निर्वाचित एमालेका लक्ष्मी महतो कोइरी मनोनयनको केही दिन अघिमात्रै पार्टी प्रवेश गरेका थिए।

संसदले जनताको आवश्यकता र हितलाई सम्बोधन गर्ने गरी आफ्नो भूमिका र जिम्मेवारी पूरा गर्न सकेन भने यसको महत्त्वमा कमी आउँछ। एक प्रभावहीन संसदले यसको निर्णय प्रक्रियामा पारदर्शिताको अभाव खड्कन्छ। प्रभावहीन संसदले सरकारलाई आफ्नो कामको लागि जवाफदेही बनाउन असफल हुन सक्छ, जसले गर्दा जनतालाई सरकारको कार्यसम्पादनको लागि जवाफदेही बनाउन गाह्रो हुन्छ। संसदले जनताको विचार र सरोकारलाई पर्याप्त रूपमा प्रस्तुत गर्न नसक्दा संसद र जनताबीचको सम्बन्धविच्छेद हुन सक्छ। संसदमा सांसद र जनताको कम सहभागिता हुन सक्छ, जसले गर्दा अर्थपूर्ण बहस र निर्णय गर्न गाह्रो हुन्छ। जनताको आवश्यकता र हितलाई पूरा गर्ने तरिकाले आफ्नो भूमिका र जिम्मेवारी पूरा गर्न असमर्थ हुने संसद प्रभावहीन हुन्छ। सरकार जनताको आवश्यकता र सरोकारप्रति जवाफदेही र उत्तरदायी छ भन्ने सुनिश्चित गर्न संसदहरू प्रभावकारी हुनु महत्त्वपूर्ण छ।

हाम्रो संविधानले समावेशी संसदको परिकल्पना गरेको छ। समाजका सबै सदस्यहरूलाई विधायिका प्रक्रियामा प्रतिनिधित्व गर्ने र संलग्न हुने व्यवस्था संविधानमा रहेको छ। संसद समावेशी भयो भने देशका कानुन र नीतिहरूले समाजका सबै सदस्यहरूको आवश्यकता र सरोकारलाई प्रतिबिम्बित गर्दछ र निर्णय प्रक्रियामा सबै आवाजहरू सुनिन्छ र विचार गरिन्छ भनेर सुनिश्चित गर्न मद्दत गर्न सक्छ।

राजनीतिक दलभित्रको खिचलोका कारण यो वर्ष संसदका काम कारबाही प्रभावकारी हुन सकेनन्। संसदमा उठेको विषयले महत्त्व नपाउने र उठेका विषयको सम्बोधन भएनन्। बरु संसद छलेर अध्यादेश ल्याउने कार्यले प्रश्रय पायो। लामो समयदेखि विचाराधीन अवस्थामा रहेका विधेयकहरू अलपत्र नै रहे। संसदमा हुने न्यून उपस्थिति, लामो समयसम्मको अवरोधजस्ता विषय यो वर्ष पनि आलोच्य रह्यो। संसदीय समितिहरूले निर्देशन दिने तर सम्बन्धित निकायले त्यसको परिपालना नगर्ने परिपाटी कायम रहँदा संसदीय समितिहरूले गरेका निर्देशन र निणर्यहरूको औचित्यमाथि प्रश्न उठ्यो।

कुनै एउटा विषयमा असहमति हुने बितिकै संसदमा उपस्थित एक दलले महिनौंसम्म संसद अवरुद्ध गर्ने परिपाटिले निरन्तरता पायो भने लोकतन्त्र अनुकूलको अभ्यास भएको ठान्न सकिने छैन। कुनै पनि बहानामा अध्यादेशबाटै सरकार चलाउने मानसिकताले गर्दा संसदमा सांसदहरूको उपादेयता र बहस गरेर जनताका आवश्यकता र सरोकारका विषयलाई सम्बोधन गर्ने अवस्था देखिँदैन। नवनिर्वाचित सांसदको संसदमा हुने उपस्थिति र प्रभावकारी बहसले मात्र उनीहरूको कार्यक्षमताको सही मूल्याङ्कन गर्न सकिएला।